नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ८७

मितिः-२०८२/०५/१२

नेपाल संवत् ११४५

विषयः- ३५ दिने सूचना प्रकाशन तथा प्रचारप्रसार सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. १३८, मिति २०८२/०५/१२ को ३५ दिने सूचना प्रकाशन तथा प्रचारप्रसार सम्बन्धी पत्र र सोसाथ प्राप्त सूचना आवश्यक जानकारी तथा कार्यार्थ आदेशानुसार अनुरोध छ।

...................

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन महाशाखा
(भूमि सुधार तथा बसोबास व्यवस्थापन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

प. सं ०८२/०८३
च. नं १३८

मितिः २०८२/०५/१२
नेपाल संवत ११४५

विषय :- ३५ दिने सूचना प्रकाशन तथा प्रचारपसार सम्वन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौ।

भुमि समस्या समाधान आयोगको प.स. २०८२/०३ च.न १०३ मिति २०८२।०५।०९ को पत्रबाट भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन गर्ने प्रयोजनका लागि प्रकाशित अन्तिम पटकको ३५ दिने सूचना अनुसार लगत संकलन गर्न बाँकी रहेका पालिकाहरुलाई उक्त कार्य तोकिएको समयभित्र सम्पन्न गर्न तथा सूचनाको प्रचारप्रसार गर्न सबै स्थानीय तहहरुलाई तहाँ मन्त्रालयमार्फत पत्राचार गरि दिन लेखी आएको हुदा आयोगबाट प्रकाशित सूचना यसैसाथ संलग्न गरी सबै स्थानीय तहमा पत्राचार गरिदिनु हुन आदेशानुसार अनुरोध गर्दछु।

मनिता कार्की
शाखा अधिकृत

बोधार्थः
श्री भुमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं

☎ ०१- ५३१३९३२
५३१३९३५
५३१३९३५
टोल फ्री १६६००१३५४४४
Web: www.lirc.gov.np
Email: info@lirc.gov.np


प.सं. २०८२/०८३
च.नं. ..९२९...

विक्रम संवत् २०८२/०५/०९
नेपाल संवत् ११४५ जँलाथ्व २

विषयः लगत संकलनको ३५ दिने सूचना सम्बन्धमा।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
दर्ता नं.: ४५३
मितिः ०५/१०

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

उपरोक्त विषयमा यस आयोगको मिति २०८२/०५/०६ को बैठकबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन गर्ने प्रयोजनका लागि प्रकाशित अन्तिम पटकको ३५ दिने सूचना अनुसार लगत संकलन गर्न बाँकी रहेका पालिकाहरुलाई उक्त कार्य तोकिएको समयभित्रै सम्पन्न गर्न तथा सूचनाको प्रचारप्रसार गर्न सबै स्थानीय तहहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पत्राचार हुन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय भएकोले आयोगले प्रकाशित गरेको सूचना यसैसाथ संलग्न राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहहरुलाई पत्राचारका लागि सहजीकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

...........
गोकुल ढुंगेल
उपसचिव

- [ ] भूमि, सहकारी तथा गरिबी निवारण ...
- [x] भूमि व्यवस्थापन महाशाखा
- [ ] योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।